अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८१।१२।१४ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कास्की, पोखरा म.न.पा. वडा नं. २७ का वडा सचिव प्रभात लामिछानेले सेवाग्राहीसँग जन्म दर्ता र अन्य कागजातमा जन्म मिति सच्याउनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरी निजले भने बमोजिमको व्यक्तिको बैंक खातामा सेवाग्रहीले घुस/रिसवत वापत रु.२,५०,०००।- जम्मा गरेको र उक्त रकम लिएको निज वडा सचिवले स्वीकारसमेत गरेको हुँदा निजलाई कारबाही हुन भन्ने पत्र, उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा निज प्रभात लामिछानेले प्रतिवादी दिनेश लामिछानेको पहिले नै दिनेश दयालु लामिछाने नामबाट जन्म दर्ता, जन्म मिति कायम गरी दर्ता भईसकेको अवस्थामा पुनः दिनेश लामिछानेको नाममा जन्म मिति र जन्म दर्ता राखी आफूले निर्वाह गर्नुपर्ने पदीय अधिकारको दुरुपयोग गरी दिनेश लामिछानेको नाम, जन्म दर्ताको मिति, एकै व्यक्तिको फरक-फरक दोहोरो जन्मदर्ता समेतका विवरण झुट्टा गलत लिखत (दोहोरो जन्म दर्ता) तयार गरी दिने प्रयोजनार्थ प्रतिवादी दिनेश लामिछानेसँग घुस/रिसवत माग गरी निजले भने बमोजिमको व्यक्तिको बैंक खातामा घुस/रिसवत रु.२,५०,०००।—दाखिला गरी गर्न लगाई उक्त रकम निज प्रभात लामिछानेले आफ्नो बैङ्क खातामा पठाउन लगाई प्राप्तसमेत गरेको देखिएकोबाट उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

देहाय:

सि.नं	नामथर, पद र कार्यालय	बिगो रु.	कसुर तथा सजायको मागदाबी
१.	पोखरा महानगरपालिका वडा नं. २७ का **तत्कालीन वडा सचिव प्रभात लामिछाने**	रू.२,५०,०००/-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना हुन एवं सोही ऐनको दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस लिएको रकम जफत हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ।
२.	पोखरा महानगरपालिका वडा नं. २७ बस्ने दिनेश लामिछाने	रू.२,५०,०००/-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसूरमा सोही ऐनको दफा ३ को

			उपदफा (३) ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना हुन एवं सोही ऐनको दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस लिएको रकम जफत हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम मुख्य कसूरदारलाई हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिइएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल